जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २८१ २०८२ साल जेठ ३१ गते शनिबार (14 June 2025 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

***Log in : rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : 'एयर इन्डियाको जहाज दुर्घटनाले... ३ पृष्ठमा : कडा डेङ्गुको क्रम... ३ पृष्ठमा : इजरायलद्वारा इरानमाथि ...

# दोषिमाथी कारवाही र कामकाज गर्न भयमुक्त वातावरण नभएसम्म काममा नफर्किने कर्मचारीहरुको अडान




**दैनिक समाचारदाता**
**राजविराज, ३० जेठ ।**

नेपाल नगरपालिका कर्मचारी एशोसिएसन ईकाइ समिति राजविराजले कर्मचारीहरुमाथी कुटपिट, गालीगलौज गर्नेमाथी कारवाहीका साथै कार्यालयमा कामकाज गर्न सुरक्षित वातावरणको माग गर्दै शुक्रबारदेखी पेन डाउन गरेका छन् ।

शुक्रबार राजविराजमा पत्रकार सम्मेलनको आयोजना गरि समितिका अध्यक्ष कल्पना देवले घटनाको दोषीलाई कानून बमोजिम कारबाही गरी आगामी दिनमा कार्यस्थलको सुरक्षाको प्रत्याभूति दिलाउन, सेवामा काम गर्ने सहज वातावरण बनाउन एवं भयमुक्त वातावरणमा सेवा प्रवाह सुनिश्चितता गराउन माग गरेका छन् ।

सोही पत्रकार सम्मेलनमा नगरपालिकाका लेखा अधिकृत शत्रुधनलाल दासले व्यक्तिगत रुपमा असुरक्षित रहेको बताउँदै सुरक्षाको ग्यारेन्टी नहुन्जेल काम नफर्किने बताए । उनले आफूमाथी संघातमिक हमला गरी सुनको सिक्री समेत लुटपाट गरेको बताए । "उक्त घटनाले हामी सम्पूर्ण कर्मचारीहरु असुरक्षित भएका छौं निर्धक्क भई जनताको सेवा प्रवाह गर्ने अवस्था छैनौं ।" उनले भने ।

उनले हालसम्म ११ महिनाको अवधीमा ११ प्रतिशत मात्र विकासीय योजनाहरु सम्पन्न भएको र करिब ३८ देखी ४० प्रतिशतसम्म योजनाहरु संचालनमा रहेको जानकारी समेत दिए । उनले जनताको कामकाजमा आफू बाधक नभएको भन्दै दोषिमाथी कारवाही र कामकाज गर्न भयमुक्त वातावरण नभएसम्म काममा नफर्किने अडान राखेका छन् ।

सोही पत्रकार सम्मेलनमा कर्मचारीहरुले घटनाका दोषिहरुमाथी कारवाही, क्षतिपुर्ति तथा कर्मचारीको सुरक्षाको प्रत्याभूति नगराएसम्म नगरपालिका कार्यालय तथा मातहतका कार्यालयबाट अति आवश्यक सेवा वाहेकका सम्पूर्ण सेवा वन्द रहने जनाएका छन् ।

जेठ २७ गते मंगलबारका दिन नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको हाजरी गराउने सम्बन्धमा विवाद भइरहेको बेला राजविराज नगरपालिकाका निलम्वित मेयर भिमराज यादव, राजविराज नगरपालिकाका योजना शाखा प्रमुख मनोज कुमार यादव, आन्दोलनकारी सुधिर यादव लगायतका व्यक्तिहरुको समूहले राजविराज नगरपालिकाका कर्मचारीहरु शान्तिपूर्वक रुपमा वारुणयन्त्रको छेउमा उभिरहेको वेला पूर्वग्राही तथा सुनियोजित रुपमा गालीगलौज तथा कुटपिट गरिएको पत्रकार सम्मेलनमा उनीहरुले जानकारी दिएका छन् ।

ईकाइ समितिका अध्यक्ष तथा अधिकृत कल्पना देव, लेखा अधिकृत शत्रुधनलाल दास र शहरी स्वास्थ्य क्लिनिकको अ.हे.ब. संतोष कुमार दासलाई संघातिक रुपमा गालि गलौजसहित सडकमा घिसारी ज्यान मार्ने धम्की सहित मर्नासन्न हुने गरी कुटपिट गरिएको थियो ।

# कन्टेनरले किच्दा मोटरसाइकल चालकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ३० जेठ ।**

सप्तरीमा कन्टेनरले किच्दा शुक्रबार बिहान एक जना मोटरसाइकल चालकको मृत्यु भएको छ ।

जिल्लाको शम्भुनाथ नगरपालिका वडा नं. १२ अर्नाहा चोकमा हुलाकी राजमार्ग अन्तर्गत राजविराजतर्फ आउँदै गरेको ना.३ख. ४५३१ नम्बरको कन्टेनरले स.६प. २२१ नम्बरको मोटरसाइकल चालकलाई किचेको हो ।

सप्तरीका एसपी ढकेन्द्र खतिवडाले दुर्घटनास्थलमा मृत्यु भएका मोटरसाइकल चालकको पहिचान खुल्न नसकेको जनाएका छन् ।

ठक्करबाट मोटरसाइकल पूर्णरुपमा क्षतिग्रस्त भएको छ भने कन्टेनरमुनि रहेको शव निकालिएको छ । कन्टेनर पनि चल्ने अवस्थामा नरहेकोले कन्टेनर उठाउन क्रेन ल्याउने समन्वयन भइरहेको एसपी खतिवडाले बताए ।

कन्टेनर चालक काभ्रेको पाँचखाल नगरपालिका ६ का ५६ वर्षीय गोपालनाथ राईलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# राजविराज नगरपालिकामा व्याप्त भ्रष्टाचार भएको भन्दै उच्चस्तरीय छानबिनको माग गर्दै प्रधानमन्त्रीलाई ध्यानाकर्षण



**दैनिक समाचारदाता**
**राजविराज, ३० जेठ ।**

राजविराज नगरपालिकामा व्याप्त भ्रष्टाचार, विकासको अभाव तथा उच्चस्तरीय छानबिनको माग गर्दै शुक्रबार प्रधानमन्त्रीको कार्यालयमा ध्यानाकर्षण पत्र पठाइएको छ ।

संविधानसभा सदस्य एवं नेवि संघका पूर्व अध्यक्ष रन्जित कर्ण, नेपाली काँग्रेस सप्तरीका उपसभापति रामकुमार यादव, काँग्रेसका राजविराज नगरपालिकाका नगरसभापति आनन्दकुमार झा, काँग्रेस सप्तरीका प्रवक्ता नन्दु यादव, काँग्रेस सप्तरीका जिल्ला सदस्य सब्बिर आजम र काँग्रेस सप्तरीका नेता ध्रुव प्रसाद देवले संयुक्त रुपमा प्रमुख जिल्ला अधिकारी भोला दाहाल मार्फत प्रधानमन्त्रीको कार्यालयमा सो ध्यानाकर्षण पत्र बुझाएका हुन् ।

बुझाइएको ध्यानाकर्षण पत्रमा राजविराज नगरपालिकाको चालु आ.ब.मा १० प्रतिशत मात्र बजेट खर्च भएको र बाँकी ९० प्रतिशत बजेट खर्च नभएको, हाल निलम्बनमा रहेका मेयर र उपमेयरबीचको मिलोमतोमा सार्वजनिक रकमको भागबन्डा र व्यापक भ्रष्टाचार भएको जनगुनासो आएकोले जनताले न्यायको अनुभुती गर्न नपाएको उल्लेख छ ।

त्यस्तै राजविराज जस्तो ऐतिहासिक, सांस्कृतिक र राजनीतिक रुपमा महत्वपूर्ण सहरलाई मेयर, उपमेयर र सरोकारवालाहरुले उपयुक्त नेतृत्व दिन नसकेकोले नगरवासीहरुमा असन्तोष फैलिएको ध्यानाकर्षण पत्रमा जनाइएको छ ।

ऐतिहासिक, राजनीतिक र भौगोलिक हिसाबले महत्वपूर्ण सहर राजविराज आज विकासविहीन बन्न पुगेको भन्दै राजविराज-कंचनपुर हुलाकी मार्ग, राजविराज-हनुमाननगर सडक, राजविराज नेता चौक-सिरहा सडक आदि निर्माण तथा मर्मत नहुनु, बस पार्क संचालन नहुनु, महिला छात्रवास वर्षौदेखी अधुरो हुनु, गजेन्द्र नारायण सिंह अस्पताल निर्माण भएपनि सेवा संचालन नहुनु, रामराजा सिंह शिक्षण अस्पताल सम्बन्धी प्रक्रिया अघि नवढ्नु आदि समस्याले जनतामा गहिरो निराश पैदा गरेको सोही पत्रमा उल्लेख छ ।

साथै ध्यानकर्षण पत्रमा राजविराज नगरपालिकामा खर्च नभएको बजेट, बजेटको दुरुपयोग र भ्रष्टाचार बारे उच्चस्तरिय छानबिन समिति गठन, दोषि व्यक्तिहरुलाई कानुन बमोजिम कारवाही, अलपत्र पूर्वाधार विकास योजनाहरु तुरुन्तै सम्पन्न, स्थानीय प्रशासन, प्रहरी तथा सरोकारवाला निकायहरुलाई यथासिघ्र जवाफदेखी, प्रहरी प्रशासनको उपस्थितिमा भएको तोडफोड घटनाको छानबिन र नेपाल सरकारका कर्मचारीहरुबाट भएको दुर्व्यबहार सम्बन्धी घटनाको पनि छानबिन गर्न माग गरिएको छ ।

सो ध्यानाकर्षण पत्र गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय सप्तरी र राजविराज नगरपालिकालाई समेत बोधार्थ गरिएको छ ।

# कर्मचारीमाथी कुटपिट र कार्यालय तोडफोडका घटना खेदपूर्ण, दोषिमाथी कारवाहीको माग : काँग्रेस सप्तरी




**दैनिक समाचारदाता**
**राजविराज, ३० जेठ ।**

नेपाली काँग्रेस सप्तरीले राजविराज नगरपालिकाको कार्यालयमा पछिल्लो एक सातादेखी भइरहेको विभिन्न घटनाक्रमप्रति गम्भिर ध्यानाकर्षण भएको जनाएको छ ।

पार्टीका सचिव सनत कुमार मण्डलद्वारा शुक्रबार जारि विज्ञप्तिमा जेठ २७ गते नगरपालिका कार्यालयका कर्मचारीहरुमाथी भएको कुटपिट र कार्यालयमा भएको तोडफोडका घटना अत्यन्त खेदपूर्ण रहेको ठहर गर्दै दोषिमाथी कारवाहीको माग गरिएको छ ।

विज्ञप्तिमा विवाद समाधानका लागि आवश्यक पहल, कुटपिटमा परेका कर्मचारीहरुलाई न्याय तथा नगरपालिकामा भएको तोडफोड घटनाको छानबिन गरि दोषिमाथी कानुनी कारवाहीका लागि स्थानीय प्रशासन समक्ष माग गरिएको छ ।

नगरपालिकाका कर्मचारीहरु पेन डाउन गरेर अत्यावश्यक कामकाज बाहेक सम्पूर्ण कामकाज ठप्प पारेको जनाउँदै विज्ञप्तिमा आर्थिक वर्षको अन्तिम क्षणमा

***बाँकी अन्तिम पृष्ठमा***

## सम्पादकीय

### पुराना मानसिकता भन्दा माथि उठ्नु जरुरी

संविधानद्वारा प्रदत्त अधिकारहरुको प्रयोग गरी स्थानीय तहहरुले आ-आफ्ना ठाउँको विकास जनचाहना अनुरुप आफै गर्न सक्छन् । तर, स्थानीय तहहरुले आफूलाई प्राप्त अधिकारहरुको पूर्ण प्रयोग गर्न नसकेका कारण विकासका ढोकाहरु अपेक्षाकृत रुपमा खुल्न सकेका छैनन् । नेपालको संविधानले अहिले स्थानीय तहलाई विद्यायकी, कार्यकारणी र न्यायिक अधिकार दिएको छ ।

विद्यायकी, कार्यकारिणी र न्यायिक गरी तीन वटै अधिकारहरु स्थानीय तहले प्राप्त गरेपनि यसका बारेमा अधिकतर जनप्रतिनिधिहरु अन्यौल नै रहेको पाइएको छ । जनप्रतिनिधिहरुले आफ्ना अधिकार र त्यसको दायरा बुझेर काम गर्न सकेको खण्डमा स्थानीय तहले विकासमा फड्को मार्ने निश्चित छ । भौतिक विकासमा मात्र रुम्मलिएर धेरै जो जनप्रतिनिधहरुले अरु कामलाई त्यत्ति ध्यान नदिइहरेको अवस्था विद्यमान छ ।

तसर्थ संविधानद्वारा प्रदत्त तीन वटै अधिकारको प्रयोग गरी जनप्रतिनिधिहरुले समन्वयात्मक विकासका लागि आफ्ना पहल र प्रयासहरुलाई अझ सशक्त ढंगले अघि बढाउनुको विकल्प छैन । अहिले पनि अधिकतर स्थानीय तहहरु पुरानै शैलीमा काम गरिरहेका छन् । उनीहरु अब पुराना मानसिकता भन्दा माथि उठ्नु जरुरी छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# ‘एयर इन्डियाको जहाज दुर्घटनाले विश्व हवाई क्षेत्र स्तब्ध’

**सिबी अधिकारी**
काठमाडौँ, ३० जेठ (रासस) ।

भारतमा भएको भयानक जहाज दुर्घटनाले विश्व हवाई क्षेत्रलाई स्तब्ध बनाएको छ । अहमदावादमा बिहीबार भएको एयर इसण्डयाको एआई-१७१ जहाज दुर्घटनाले सम्बन्धित देश र एयरलाइन्सलाई मात्र होइन विश्वलाई नै पुनः एकपटक सोच्न बाध्य पारेको छ । अन्तरराष्ट्रिय उड्डयन क्षेत्र र हवाई सुरक्षाबारे झस्काएको छ ।

जहाजले धावनमार्ग छाडेको केही क्षणमै जमिनमा बजारिएर दुर्घटनाग्रस्त भएको थियो । जहाजमा सवार चालक दलका सदस्यसहित २०० बढी यात्रीको निधन भएको स्थानीय प्रहरी अधिकारीहरूलाई उद्धृत गर्दै समाचार एजेन्सीहरूले जनाएका छन् । दुर्घटनामा २० देखि २५ स्थानीय मानिसको समेत ज्यान गएको आशङ्का गरिएको छ । बोइङ ७८७ ड्रिमलाइनर दुर्घटनाका कारण नागरिक उड्डयन क्षेत्रले एक भयानक क्षति बेहोर्नुपर्‍यो ।

एउटा दुर्घटनाका कारण आफन्त गुमाउने परिवारमा जीवनभरका लागि बज्रपात पर्छ । त्यसबाहेक जहाज सञ्चालन गरिरहेको कम्पनी, जहाज निर्माता कम्पनी, जहाजको नियमन गरिरहेको नियामक निकायले समेत एकसाथ ठूलो क्षति व्यहोर्छन् । छिमेकी मुलुक भारतमा भएको भयानक जहाज दुर्घटनाले नेपालको एभिएसनलाई पनि सोचमग्न बनाएको छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भूलले भारतमा भएको भयानक जहाज दुर्घटनाले अन्तरराष्ट्रिय हवाई क्षेत्रलाई नै स्तब्ध बनाएको बताउनुभयो । “जहाज दुर्घटना केकति कारणले भयो भन्ने कुरा अनुसन्धानपछि आउला तर, धेरै समयपछि ठूलो हवाई दुर्घटनाले विश्व हवाई क्षेत्रलाई स्तब्ध पारेको छ । यसले हवाईयात्रीलाई सोचमग्न बनाएको छ ।”

नेपाल वायु सेवा निगम ( नेपाल एयरलाइन्स)का पूर्व क्याप्टेन केबी पौडेलले प्राविधिक कमजोरीले एयर इन्डियाको जहाज दुर्घटनाभएको हुनसक्ने पूर्वानुमान गर्नुभयो । उहाँले भन्नुभयो, “नयाँ जहाज र अनुभवी पाइलटले उडाएकाले अहिले सरसरती हेर्दा मानवीयभन्दा पनि प्राविधिक कमजोरीले हो कि जस्तो देखिन्छ । जहाजको ककपीट भ्वाइस रेकर्डर र फ्लाइट डाटा रेकर्डरले दुर्घटनाको यथार्थ बाहिर ल्याउन मद्दत गर्ने छ ।”

उहाँका अनुसार जहाज दुर्घटनाको कारण दुवै इन्जिन फेल भएर वा फ्ल्याप, स्ल्याट अथवा ह्युमन फ्याक्टर हुनसक्छ । नेपालको हवाई क्षेत्रमा खासै असर नपरे पनि सम्बन्धित देश र एयरलाइन्सलाई ठूलो असर गर्ने पूर्वक्याप्टेन पौडेलले उल्लेख गर्नुभयो ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका पूर्वमहानिर्देशक सञ्जीव गौतमले ड्रिमलाइनर ठूलो जहाजको पहिलो भयानक दुर्घटनाले विश्व हवाई क्षेत्रलाई स्तब्ध बनाएको बताउनुभयो । “ड्रिमलाइनरको असाध्यै राम्रो रेकर्ड थियो । अहिलेसम्म ड्रिमलाइनरमा मात्रै ‘वान बिलियन प्यासेन्जर फ्लाइ’ गरेको रेकर्ड छ । यो एयरक्राफ्ट आएको १४ वर्ष मात्र भएको थियो । यो अवधिमा ५० लाख जति डिपार्चर भएको हुनुपर्छ ।” विश्व एभिएसन बजारमा ड्रिमलाइनरको सङ्ख्या करिब एक हजार १०० रहेको जनाइन्छ ।

प्राधिकरणका सूचना अधिकारी भूलका अनुसार पछिल्लो समय सन् २०२४ को मध्यदेखि सन् २०२५ को यो अवधिसम्म मलेसियन एयरलाइन्सको जहाज दुर्घटनापछि यो ठूलो दुर्घटना हो । “नेपाल, भारत, एसियाभन्दा पनि विश्वकै ‘एभिएसन इन्डस्ट्री’लाई ‘ब्ल्याक डे’ हो, जसरी बोइङ ड्रिमलाइनर ठूलो जहाज चालकदलका सदस्यसहित दुई सय ४२ जना सवार उक्त जहाज नेपालको सौर्य एयरलाइन्सको जहाज दुर्घटनाको ‘सिनारियो’जस्तै भयो । उडेको केही क्षणभित्रै जहाज दुर्घटनाग्रस्त भएको देखिन्छ”, उहाँले भन्नुभयो ।

विज्ञहरूको भनाइमा सामान्यतयः जहाज ‘टेकअप’ र ‘ल्यान्डिङ’का बेला बढी पावर चाहिन्छ । जहाजलाई उड्नका लागि चाहिने म्याक्सिमम टेकअप वेट फुल प्यासेन्जर र फुलफ्युल हालेर जब जहाज जमिन छोड्छ उसको लिफ्ट पावर बढी चाहिन्छ । अलिकति पनि ब्यालेन्स तलमाथि हुदाँ एभिएसनको भाषामा जहाज स्टल हुन्छ । दुर्घटनाको प्रकृति हेर्दा एयर इन्डियाको जहाजले उड्नेबित्तिकै नियन्त्रण गुमाएको देखिन्छ । “जहाजले क्लाइम गर्ने बेला इन्जिन फेल भएको हो कि अथवा जहाजका भित्री मेकानिकल कमजोरीले भएको हो वा अरु कारणले हो त्यो चाहिँ पछि अनुसन्धानले देखाउँला, तर यो भयानक दुर्घटनाले विश्वको एभिएसन कम्युनिटीलाई पुनः झस्काएको छ”, सूचना अधिकारी भूलले भन्नुभयो ।

उहाँले भारतमा भएको जहाज दुर्घटनाले नेपाल नागरिक उड्डयन प्राधिकरण र सिङ्गो हवाई क्षेत्रलाई स्तब्ध पारेको बताउनुभयो । उहाँका अनुसार अन्तरराष्ट्रिय नागरिक उड्डयन सङ्गठन ( आइकाओ)को मापदण्डबमोजिम जहाज दुर्घटनाको अनुसन्धान हुने छ । जहाजको इन्जिन फेल, कन्ट्रोल कमाण्डको कमजोरी वा मानवीय कमजोरीले जहाज दुर्घटना भएको हुनसक्ने प्राधिकरणको विश्लेषण छ ।

जहाजको ‘इमर्जेन्सी कण्डिसन’मा भएको अवस्थामा ‘मेडे मेडे मेडे’ भनेर क्याप्टेनले एयर ट्राफिक कन्ट्रोलर ( एटिसी)लाई जानकारी गराउँछन् । प्राधिकरणका अर्का एक विज्ञको भनाइमा एयर इन्डियाको दुर्घटनाअघि पाइलटले ‘मेडे’ शब्द बोलेर एटिसीलाई सूचना दिएका थिए । सामान्यतया पाइलटले रेडियो सन्देशमार्फत तीनपटक मेडे उच्चारण गरेको अवस्थामा जहाज दुर्घटना हुँदैछ वा गम्भीर आपत्कालीन अवस्थामा छ भन्ने बुझिन्छ ।

यसले गर्दा विश्व समुदायलाई अझै हाम्रो हवाई उडानमा उडान संपरीक्षण एयर वर्दिनेसको पाटोलाई ध्यान दिनुपर्छ भनेर सजग गराएको सूचना अधिकारी भूलले उल्लेख गर्नुभयो । उहाँले थप्नुभयो, “एयर वर्दिनेसको पाटोमा अझै हामीले ध्यान दिनुपर्ने सन्देश जान्छ । नेपालमा मनसुन जारी रहेकाले यो समयमा उडान सुरक्षाको पाटोलाई विशेष ध्यान दिनुपर्छ ।”

आइकाओको नियमानुसार जुन देशमा जहाज दुर्घटना भएको छ, त्यही देशले छानबिन गर्छ । सोही मुलुकले छानबिन गरेर सुरुमा प्रारम्भिक र तीन महिनापछि अन्तिम प्रतिवेदन प्राधिकरण र आइकाओलाई पठाइन्छ । जहाजको प्राविधिक कुरालाई नेपालले पाठ सिकेर नेपालको हवाई उद्योगलाई सुरक्षित बनाउन तथा मौसममात्र नभई जहाजको प्राविधिक पार्टलाई पनि विशेष ध्यान दिनुपर्ने आवश्यकता रहेकामा विज्ञहरूको जोड छ। ।

जतिसुकै ठूलो जहाज भए पनि एउटा इन्जिन फेल भएपछि अर्को इन्जिनले उड्ने गरी बनाइएको हुन्छ । “यो दुर्घटना हेर्दा या त दुवै इन्जिन जानुपर्‍यो, बाहिरको एक्सट्रनल फ्याक्टर चरा ठोक्किएको हुनुपर्छ, पूर्वमहानिर्देशक गौतमले भन्नुभयो, “जहाज टेकअप हुनेबित्तिकै हाइट लिन सकेन । ग्राउण्ड लेबलबाट चार सय २५ फिट हुँदाखेरी दुर्घटना भएको देखिन्छ । जहाजको दुवै इन्जिन फेल भएको हो कि जस्तो देखिन्छ ।”

पूर्वमहानिर्देशक गौतमले जहाज दुर्घटनाले नेपालमा असर नपरे पनि हवाईयात्रीको कन्फिडेन्स घट्ने र यसको सबै क्षेत्रमा असर पर्ने बताउनुभयो । विमानस्थल नजिकै रहेको बस्तीमा दुर्घटनाग्रस्त भएकाले एयर इन्डियाका कारण मानवीय क्षतिसमेत बढी भएको समाचार एजेन्सीहरूले बताएका छन् ।

# बाढीपहिरोको दीर्घकालीन समाधानका निम्ति सरकारको ध्यानाकर्षण

काठमाडौँ, ३० जेठ (रासस) ।

राष्ट्रियसभा सांसदहरूले बर्सातको समय सुरु भएसँगै देशका विभिन्न स्थानमा बाढी, पहिरो र डुबानको समस्या भइरहेको भन्दै सरकारको ध्यानाकर्षण गराएका छन् । सभाको शुक्रबारको बैठकको शून्य समयमा उहाँहरूले ध्यानाकर्षण गराउनुभयो ।

बैठकमा सांसद विष्णुकुमारी सापकोटाले भन्नुभयो, “मौसमविद्ले यस वर्ष अत्यधिक वर्षा हुन सक्ने सूचना धेरै अगाडिदेखि नै प्रवाह गर्दै आएका छन्, अत्यधिक बर्सातका कारण बाढी, पहिरो र डुबानको समस्याले जनतालाई दुःख दिन सुरु गरेको छ । यसबारे सरकारको ध्यानाकर्षण गराउन चाहान्छु ।” उहाँले बाढीपहिरोका अलवा मानव जीवनमा ठूलो क्षति पुर्‍याउने डेङ्गी हालसम्म ७२ जिल्लामा प्रवेश गरिसकेको उल्लेख गर्दै त्यसको नियन्त्रण र रोकथामका काममा ढिला नगर्न सरकारसँग आग्रह गर्नुभयो ।

सांसद श्रीकृष्णप्रसाद अधिकारीले बर्सातको समयसँगै यतिबेला बाढी, पहिरो, विपत्का घटना हुने बेला आएकाले तदारुकताका साथ काम गर्न सरकारलाई आग्रह गर्नुभयो । समस्या समाधान गर्न नयाँ गाडी खरिदका लागि छुट्याइएको रु दुई अर्ब बाढी, पहिरो र डुबानको समस्या समाधानमा खर्च गर्नुपर्ने उहाँले माग गर्नुभयो । “सङ्घीय सरकार मातहतका ४० वटा निकाय र मातहतका कार्यालयमा प्रयोग नभएर थन्काइएका ७७६ वटा चारपाङ्ग्रे सवारीसाधन छन्, तीमध्ये अधिकांश सवारीसाधन प्रयोगका लागि उपयोगी छन् । विगत पाँच महिना अगाडि सरकारले आर्थिक मितव्ययिता अपनाउन भनेर नयाँ चारपाङ्ग्रे सवारीसाधन खरिद नगर्ने भनेर भनेको थियो, तर आगामी आर्थिक वर्षको बजेटमा रु दुई अर्ब छुट्याइएको छ, यो काम ठीक भएको छैन् ।”

सांसद रेनु चन्दले दार्चुलास्थित नौगाढ नदीमा पक्की तटबन्ध निर्माण गर्न बजेट व्यवस्थाका लागि सरकारसँग आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, “दार्चुलाको नौगाढलाई विसं २०८९ भदौ २४ गतेको मन्त्रिपरिषद्ले विपत् सङ्कलग्रस्त पालिका घोषणा गरेको थियो, तर हालसम्म कुनै बजेट, योजना र राहत पठाइएको छैन । नौगाढ नदीमा पक्की तटबन्ध नहुँदा बस्ती, विद्यालय र गाउँपालिका भवनलगायत संरचना जोखिममा छन्, त्यसतर्फ सरकारको ध्यान पुगोस्”, उहाँले भन्नुभयो । यस्तै,

*बाँकी अन्तिम पृष्ठमा*

# कडा डेङ्गुको क्रम बढ्दो

**डा शेरबहादुर पुन**
काठमाडौँ, ३० जेठ (रासस)।

गत वर्ष एक परिचित युवाले नाकबाट रगत बगेपछि उपचारका लागि अस्पताल आउनुभएका थिए। उहाँमा डेङ्गु सङ्क्रमण पुष्टि भएको थियो। यो अवस्था भनेको कडा वा जटिल डेङ्गुको सङ्केत हो। यसलाई 'डेङ्गु वार्निङ' सङ्केतका रूपमा पनि लिइन्छ। गत वर्ष काठमाडौँमा डेङ्गुले खासै चर्चा नपाएको भए तापनि धेरै सङ्क्रमितमा नाकबाट रगत बग्ने समस्या लिएर आउने गरेको चिकित्सकहरूको अनुभव छ। तर गत वर्ष धेरै मानिसहरू सङ्क्रमित भएको अवस्थामा पनि आफ्ना नियमित दैनिकीलाई निरन्तरता दिएका देखिन्थे। यस्तो अवस्थालाई वार्निङ डेङ्गु भनेर नामाकरण पनि गरिएको थियो।

वार्निङ डेङ्गु हुँदा पनि अधिकांशले स्वस्थ परामर्शसमेत लिने गरेका थिएनन्। यसरी जटिल डेङ्गु हुनसक्ने प्रबल सङ्केतहरूमध्येको एक नाकबाट रगत बग्ने समस्या ह्वात्तै बढेको अवस्थालाई मध्यनजर गर्दा आगामी दिन जटिल डेङ्गु व्यापक बढ्न सक्ने प्रबल सम्भावनाको अनुमान सहजै गर्न सकिन्छ। यसर्थ, 'डेङ्गु वार्निङ' सङ्केतको पनि व्यापक प्रचार गर्नुपर्ने देखिन्छ।

**'डेङ्गु वार्निङ' का सङ्केतहरू कस्ता हुन्छन् ?**

'डेङ्गु वार्निङ' का सङ्केतका बारेमा डेङ्गु निर्देशिकामा समावेश भएको भए तापनि सर्वसाधारणको जानकारी वा चासोमा भने खासै छैन/थिएन। हुन त 'डेङ्गु वार्निङ' का सङ्केतहरू विशेषतः उपचारमा संलग्न चिकित्सकहरूलाई उपचार गर्दा बढी उपयोगी हुने वा बिरामीको सम्भावित जोखिमको आकलन गर्न सहज हुने गर्दछ। सङ्क्रमितले 'डेङ्गु वार्निङ'का केही सङ्केतहरू आफैँले पनि थाहा पाउन सक्दछन्। 'डेङ्गु वार्निङ'का सङ्केतमा निरन्तर बान्ता हुनु, पेट असाध्य दुख्नु, रक्तश्राप हुनु (नाक, गिजा, महिलाको योनीबाट रगत बग्नु) र अति आलस्य हुनुजस्ता लक्षणहरू पर्दछन्। यीबाहेक अस्पतालमा गरिने जाँच पडतालमा रगतको परीक्षण गर्दा प्लेटलेट्सको सङ्ख्या तीव्र गतिमा घट्नु/हेमाटोकृत बढ्नु, कलेजोको आकार बढ्नु/सुन्निनु अनि एक्स-रे वा भिडियो एक्स-रे (अल्ट्रासाउड) गर्दा छाती वा पेटमा पानी जमेको देखिनु 'डेङ्गु वार्निङ' का थप लक्षणहरू हुन्।

माथि उल्लिखित 'डेङ्गु वार्निङ'का सङ्केतहरू देखिएमा तुरुन्त नजिकैको अस्पतालमा गएर परीक्षण गरेमा सम्भावित जटिलताबाट बच्न सकिन्छ। घरको परिवारमा एकजना डेङ्गु सङ्क्रमित भई पुष्टि भएको अवस्थामा परिवारको अर्को सदस्यमा पनि उस्तै लक्षणहरू देखिए परीक्षण गर्ने प्रचलन देखिँदैन। सन् २०२२ मा काठमाडौँमा डेङ्गुको ठूलो महामारी हुँदा सङ्क्रमितको तीनदेखि पाँच गुणा बढीले आफूमा डेङ्गुको लक्षण मिल्दो हुँदा पनि रगत परीक्षण गर्ने गरेको थिएन। यसको निश्चित एन्टिभाइरल औषधि नहुनु अनि दुःखाइ कम गर्ने औषधि मात्र छ भन्ने मान्यताले पनि परीक्षण नगर्ने प्रचलन देखिन्छ। तर चिकित्सकको परामर्शअनुसार रगतको जाँच गर्न सके तीव्र गतिमा घट्दो प्लेटेलेट्सको सङ्ख्यालगायत अरु सङ्केतको आधारमा चिकित्सकलाई बिरामीको उपचार गर्नमा सहज हुने गर्दछ।

बिरामीमा जटिल डेङ्गु देखिने सम्भावना वा जोखिमलाई धेरै हदसम्म कम गर्न सकिनेछ। माथि उल्लिखित सङ्केतहरूमध्ये नाकबाट रगत बग्ने समस्या काठमाडौँमा ह्वात्तै बढेकाले आगामी दिनहरूमा क्लासिकल डेङ्गुको लक्षणहरूको मात्र प्रचार नगरी 'डेङ्गु वार्निङ' का सङ्केतहरूको पनि व्यापक अनि सघन प्रचारको आवश्यकता रहेको देखिन्छ।

**अबको प्रकोप थप घातक हुनसक्ला ?**

नेपालमा डेङ्गु पुष्टि भएको २० वर्ष पार गरिसकेको छ। डेङ्गुको तथ्याङ्क केलाउने हो भने नेपालमा दुई/तीन वर्षको अन्तरालमा भाइरस थप घातक अनि आक्रामक हुँदै गइरहेको देखिन्छ। सन् २०२२ मा काठमाडौँमा देखिएको डेङ्गु प्रकोप नेपालको इतिहासमा नै सबैभन्दा बढी सङ्क्रामक अनि घातक थियो। त्यस यता ठूलो प्रकोप देखिएको छैन। यसर्थ, पनि आगामी कुनै पनि समयमा डेङ्गुको प्रकोप देखिन सक्ने अनि त्यो थप घातक हुनसक्ने सम्भावना उच्च देखिन्छ। गत वर्ष 'डेङ्गु वार्निङ' का सङ्केतहरूमध्ये नाकबाट रगत बग्ने सङ्क्रमित ह्वात्तै बढेको थियो। त्यस्तै अघिल्ला वर्षहरूमा पनि धेरै सङ्क्रमित महिलाका योनीबाट अत्यधिक रक्तस्रावको समस्या हुने गरेको चिकित्सकहरूको अनुभव छ।

सन् २०१९ मा पहिलोपटक काठमाडौँले डेङ्गुको ठूलो प्रकोपको सामना गर्दा भने अधिकांश सङ्क्रमितमा क्लासिकल डेङ्गुका लक्षणहरू जस्तैः टाउको दुख्ने, आँखाको गेडी दुख्ने, वाकवाक/बान्ता हुने, शरीरमा स-साना राता बिबिरा आउने, जोर्नी वा मांसपेशी दुख्ने र कतिपयमा पखाला समेत लाग्ने गरेको देखेको थियो। त्यस्तै मानिस सङ्क्रमित पुष्टि हुने बित्तिकै आत्तिने गरेको पनि देखिन्थ्यो। तर अहिले डेङ्गुप्रतिको दृष्टिकोणमा धेरै परिवर्तन भएको देखिन्छ। धेरै सङ्क्रमितहरू 'डेङ्गु वार्निङ' को अवस्थामा देखिन्छ। अनि धेरै 'वाकिङ डेङ्गु'का सङ्क्रमितहरू जटिल अवस्थाका बारेमा अनभिज्ञ देखिन्छन्। तसर्थ, केही वर्षयता 'डेङ्गु वार्निङ' का सङ्केतहरू बढ्दै जाँदा जटिल डेङ्गुको सम्भावना अनि मृत्युको सम्भावना वा जोखिम पनि बढेर गइरहेको देखिन्छ। भाइरसको फरक सेरोटाइपले त्यही व्यक्तिलाई पुनः सङ्क्रमण गरे पनि जटिल डेङ्गु देखिन सक्ने विभिन्न अनुसन्धानहरूले देखाएका छन्।

**डेङ्गु सङ्क्रमित नै नहुन सम्भव छ ?**

डेङ्गु सङ्क्रमण नहुन लामखुट्टेको टोकाइबाट बच्नु एक मात्र उपाय हो भन्ने गरिन्छ। तर प्रश्न आउँछ 'के यो सम्भव छ ?' यो वास्तविकतामा असम्भव प्रायः देखिन्छ। यसर्थ, पनि होला हाल सम्बन्धित निकायको मुख्य लक्ष्य भनेको 'शून्य डेङ्गुको मृत्युदर' देखिन्छ। यसो हुनुमा डेङ्गु फैलाउने एडिस जातको लामखुट्टेको नियन्त्रण असम्भव प्रायः देखेर नै हो। यस्तो असम्भव देखिनुमा लामखुट्टेको लार्भा नष्ट गर्ने अभियानमा देखिएको उदासीनता र दिनमा बढी लामखुट्टेको सक्रियता नै हो। उदाहरणका लागि, कुनै चिकित्सकले बिरामी जाँच गरिरहेको बेला लामखुट्टेले टोकेमा तत्काल लामखुट्टे खोज्ने/मर्ने अवस्था रहँदैन। त्यस्तै, विद्यार्थीले कक्षामा अध्ययन गरिरहेको बेला लामखुट्टेले टोकेमा पनि मार्न सक्ने अवस्था/सम्भावना हुँदैन। वा जो कोही आफ्नो काममा व्यस्त रहँदा लामखुट्टेले टोके तत्काल मार्नसक्ने सम्भावना नै हुँदैन। यी प्रतिनिधि उदाहरणहरूले पनि लामखुट्टे व्यापक फैलिए लामखुट्टेको टोकाइबाट बच्न असम्भव प्रायः नै देखिन्छ। डेङ्गु सङ्क्रमित हुँदैमा सबैलाई जटिल अवस्था सिर्जना हुने त होइन तर 'डेङ्गु वार्निङ'का लक्षणहरू देखापरेमा भने जटिलताको सम्भावना बढ्ने हुँदा 'शून्य डेङ्गु मृत्युदर' को लक्ष्यमा सफलता पाउन पनि 'डेङ्गु वार्निङ'का लक्षणहरू मिडियाका विभिन्न मध्यमहरूबाट सघन रूपमा प्रचारप्रसार गर्न ढिला भइसकेको छ। लामखुट्टेको टोकाइबाट बच्न केही सामग्रीहरू बजारमा उपलब्ध भएका देखिन्छन्। तर दैनिक अनि नियमित प्रयोग गर्न सकेन भने लामखुट्टेको टोकाइबाट बच्ने

*बाँकी अन्तिम पृष्ठमा*

# विश्व समाचार

## इजरायलद्वारा इरानमाथि आक्रमण, बदला लिने तेहरानको वाचा

तेहरान, ३० जेठ (रासस/एएफपी)।

इजरायलले शुक्रबार इरानमाथि हवाई आक्रमणको शृङ्खला सञ्चालन गर्दै तेहरानका आणविक र सैन्य स्थलहरू सहित एक सय वटा लक्ष्यमा आक्रमण गरेको छ। साथै आक्रमणमा सशस्त्र बलका प्रमुख, इरानका रिभोलुसनरी गार्डका प्रमुख र शीर्ष आणविक वैज्ञानिकहरूको मृत्यु भएको छ। इरानका सर्वोच्च नेता अयातुल्लाह अली खामेनीले इजरायललाई उसले आक्रमणका लागि 'कटु र पीडादायक' भाग्यको सामना गर्नुपर्ने चेतावनी दिनुभएको छ। इरानी मिडियाका अनुसार आक्रमणमा एक वरिष्ठ गार्ड कमान्डरको पनि मृत्यु भएको छ। इजरायली सेनाका अनुसार इरानले इजरायलतर्फ प्रतिक्रियामा एक सय वटा ड्रोन प्रक्षेपण गरेको र तिनलाई इजरायली रक्षा प्रणालीले रोक्न कोशिश गरिरहेको थियो। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले फक्स न्युजलाई उहाँलाई इजरायली आक्रमणको पूर्व जानकारी रहेको बताउनुभएको छ। इजरायली सेनाका अनुसार आक्रमणमा दुई सय वटा लडाकू विमान संलग्न थिए। ट्रम्पले तेहरानसँग 'आणविक बम राख्न सक्दैन' भनी पनि जोड दिनुभयो।

संयुक्त राज्य अमेरिकाले पनि इजरायली कारवाहीमा संलग्न नभएको स्पष्ट गरेको छ र तेहरानलाई आफ्ना कर्मचारी वा स्वार्थहरूमाथि आक्रमण नगर्न चेतावनी दिएको छ। तर तेहरानले इजरायलको अपरेसन 'संयुक्त राज्य अमेरिकाको समन्वय र अनुमति बिना गर्न सकिँदैन' भन्दै संयुक्त राज्य अमेरिका 'परिणामका लागि जिम्मेवार हुनेछ' भनेको छ। प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले इजरायलको अपरेसनले 'इरानको आणविक संवर्धन कार्यक्रमको मुटु'मा प्रहार गरेको र नतान्जका आणविक सुविधा र आणविक वैज्ञानिकहरूलाई लक्षित गरेको बताउनुभयो। उहाँले इरान विरुद्धको अपरेसन 'जति दिन लाग्छ त्यति दिन जारी रहनेछ' भन्नुभयो। पछि भिडियो वक्तव्यमा उहाँले प्रारम्भिक आक्रमणहरू 'अत्यन्त सफल' थिए भन्नुभयो। इजरायली कारवाहीमा इरानको रिभोलुसनरी गार्ड्सका नेता हुसेन सलामी र सशस्त्र बलका चिफ अफ स्टाफ मोहम्मद बघेरी मारिएको इरानी मिडियाले जनाएको छ।

इरानी राज्य मिडियाले तेहरानमा आवासीय भवनहरूमा पनि आक्रमण भएको र महिला तथा बालबालिका सहित धेरै नागरिकको मृत्यु भएको बताएको छ। तेहरानको मुख्य अन्तर्राष्ट्रिय विमानस्थल इमाम खोमेनीमा हवाई यातायात बन्द गरिएको छ भने छिमेकी इराकले पनि आफ्नो हवाई क्षेत्र बन्द गरी सबै विमानस्थलमा सबै उडान स्थगित गरेको सरकारी मिडियाले जनाएको छ। रक्षामन्त्री इजरायल काट्जले तेहरानबाट जवाफी कारवाहीको अपेक्षा गर्दै इजरायलले आपत्कालीन अवस्था घोषणा गरेको र आफ्नो हवाई क्षेत्र बन्द गरेको बताउनुभयो। "इरानविरुद्ध इजरायलको पूर्वनियोजित हमलापछि इजरायल राज्य र यसको नागरिक जनसङ्ख्या विरुद्ध मिसाइल र ड्रोन आक्रमण निकट भविष्यमा हुने अपेक्षा गरिएको छ", काट्जले भन्नुभयो। इजरायली सेनाले इरानसँग 'कुनै पनि मिनेट' इजरायलमा आक्रमण गर्ने क्षमता रहेको विश्वास गरेको एक इजरायली सैन्य अधिकारीले बताए।

## साउदी अरेबिया : इरानमा इजरायली आक्रमण 'अन्तर्राष्ट्रिय कानूनको उल्लङ्घन'

रियाद, ३० जेठ (रासस/एएफपी)।

सन् २०२३ मा मेलमिलाप गर्नुअघि लामो समयदेखि तेहरानको प्रतिद्वन्द्वी रहेको रियादले शुक्रबार इरानमा सैन्य र आणविक स्थलहरू विरुद्ध इजरायलले गरेको आक्रमणको कडा निन्दा गरेको छ। प्रमुख सैन्य कमान्डरहरू र आणविक वैज्ञानिकहरूको मृत्यु भएको आक्रमणले यस क्षेत्रमा पूर्ण युद्धको डर उत्पन्न गरेको छ र ओमानमा आइतबारका लागि तय गरिएको अमेरिका-इरान आणविक वार्तालाई जोखिममा पारेको छ।

"साउदी अरब अधिराज्यले भ्रातृपूर्ण इस्लामिक गणतन्त्र इरानविरुद्ध इजरायली आक्रमणको कडा निन्दा र भर्त्सना व्यक्त गर्दछ, यो आक्रमणले यसको सार्वभौमिकता र सुरक्षालाई कमजोर पार्छ र अन्तर्राष्ट्रिय कानून र नियमहरूको स्पष्ट उल्लङ्घन गर्दछ", विदेश मन्त्रालयले एक विज्ञप्तिमा भन्यो। यी आक्रमणहरूलाई 'जघन्य आक्रमणहरू' का रूपमा वर्णन गर्दै मन्त्रालले भन्यो, "अन्तर्राष्ट्रिय समुदाय र संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले यस आक्रामकतालाई तुरुन्त रोक्ने ठूलो जिम्मेवारी बोकेको छ।"

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले इरान विरुद्धको अपरेसन 'जति दिन लाग्छ त्यति दिन जारी रहने' बताउनुभएको छ। तेलको मूल्य १२ प्रतिशतभन्दा बढी बढेका कारण व्यापक द्वन्द्वको डरका साथ तेल समृद्ध यस खाडी मुलुकमा आक्रमणले स्तब्ध बनाएको छ। सन् २०२३ मा चीनले साउदी अरेबिया र इरानबीच ऐतिहासिक मेलमिलाप सम्झौताको मध्यस्थता गरेको थियो। साउदी अरब र इरानले लामो समयदेखि मध्यपूर्वका द्वन्द्वहरूमा विपरीत पक्षहरूलाई समर्थन गरेका थिए। प्रमुख शिया धर्मगुरु निम्र अल-निम्रलाई मृत्युदण्ड दिएपछि इरानी प्रदर्शनकारीहरूले साउदी कूटनीतिक मिसनहरूमा आक्रमण गरेपछि रियादले सन् २०१६ मा सम्बन्ध तोडेको थियो।

## बमको धम्कीपछि एयर इन्डियाको विमान थाइल्यान्डमै फिर्ता

बैङ्कक, ३० जेठ (रासस/एएफपी)।

थाइल्यान्डको फुकेट टापुबाट नयाँदिल्ली जाने एयर इन्डियाको उडानमा बमको खतरापछि उडान भरेको केही समयपछि शुक्रबार आपत्कालीन अवतरण गर्न बाध्य भएको थाई विमानस्थल प्राधिकरणले जनाएको छ। लन्डन जाने एयर इन्डियाको यात्रु जेट भारतको अहमदाबाद सहरमा दुर्घटना भएको एक दिनपछि यो घटना आएको हो। अहमदाबाद विमान दुर्घटनामा कम्तीमा दुई सय ६५ जनाको मृत्यु भएको थियो।

थाइल्यान्डको विमानस्थलले फुकेटका लागि आफ्नो फेसबुक पेजमा एयरबस ए ३२० का पाइलटले एयर ट्राफिक कन्ट्रोललाई बमको धम्कीको सन्देश विमानमा फेला परेको रेडियो प्रसारण गरेको बताए। फ्लाइट ट्र्याकिङ वेबसाइट फ्लाइटराडार २४ ले फुकेट उडानले उडान भरेको लगत्तै अन्डमान सागरमाथि यू-टर्न लिँदै त्यसपछि अवतरण गर्नुअघि टापुको तटबाट धेरै पटक परिक्रमा गरेको देखाएको छ।


# विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

जनहीतका लागि जारि सन्देश : **तिलाठी कोइलाडी गाउँपालिका**

# पविमाबि क्रिकेट खेल मैदानको स्तरोन्नती कार्यको शिलान्यास



**दैनिक समाचारदाता**
**राजविराज, ३० जेठ ।**

राजविराजस्थित पविमाबि क्रिकेट खेल मैदानको स्तरोन्नती कार्यका लागि शुक्रबार शिलान्यास गरिएको छ ।

राजबिराज वडा नं. ५ स्थित पविमाबि खेलमैदानमा स्तरोन्नती कार्यको राष्ट्रिय योजना आयोगका पुर्व सदस्य तथा कृषि बैज्ञानिक डा. जयकान्त राउतले शिलान्यास गरेका हुन् ।

स्तरोन्नती कार्य अन्तर्गत मैदानको सुरक्षाको लागि गेट, क्रिकेट प्रतियोगिता प्रयोजनको लागि साइड स्किन र पिच कोभर लगायतको कार्य हुने भएको छ ।

मधेश प्रदेश सरकारको खेलकुद तथा समाज कल्याण मन्त्रालयको समाजिक बिकास ईकाई कार्यक्रम मार्फत २५ लाखको लागतमा खेलमैदान स्तरोन्नती निर्माण कार्य हुन लागेको सप्तरी क्रिकेट सँघका कोषाध्यक्ष तुलानाथ माझीले जानकारी दिए ।

उक्त स्तरोन्नती कार्यको लागि स्थानिय उपभोक्ता मार्फत असार मसान्त भित्र कार्य सम्पन्न गर्ने सम्झौता भएको उपभोक्ता समितिका अध्यक्ष विवेक कुमार चौरसियाँले बताए ।

उक्त अवसरमा जनमत पार्टी जिल्ला अध्यक्ष रामगमन साह, वडा ५ का अध्यक्ष बन्धुलाल दास, वडा सदस्य आशा तमाङ, सप्तरी क्रिकेट संघका उपाध्यक्ष निरज कुमार सिंह, सचिव चन्दनकुमार यादब, सदस्य धर्मेन्द्र चौधरी, संजय कार्की, गजेन्द्र माझी लगायतको उपस्थित रहेको थियो ।

# प्रसाईसहित सात जना पुर्पक्षका लागि थुनामा

काठमाडौँ, ३० जेठ (रासस) ।

जिल्ला अदालत काठमाडौँले आपराधिक उपद्रवको आरोपमा दुर्गा प्रसाईँसहित सात जनालाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको छ ।

न्यायाधीश ध्रुवराज कार्कीको इजलासले बिहीबार राति गत चैत १५ गते तीनकुनेमा भएको घटनाका सन्दर्भमा प्रसाईँसहित सात जनालाई थुनामा पठाउने आदेश दिएको हो ।

अदालतले सोही घटनामा संलग्न ३२ जनालाई रु १० हजारदेखि रु एक लाखसम्म धरौटी लिएर थुनामुक्त गर्ने आदेश दिएको छ ।

### कडा डेङ्गुको ...

सम्भावना क्षीण नै देखिन्छ ।

अन्तमा, नेपालमा डेङ्गु पुष्टि भएको २० वर्ष पार गर्दैगर्दा भाइरसले आफूलाई थप आक्रामक र जटिल स्वरूपमा प्रस्तुत गर्दै आइरहेको देखिन्छ । काठमाडौँमा सन् २०१९ र २०२२ मा फैलिएको डेङ्गु प्रकोपहरूको बीचमा नै ठूलो भिन्नता देखिएको थियो । अर्थात् सन् २०१९ मा धेरै सङ्क्रमितहरू देखिएको भए तापनि कडा वा जटिलताको तुलना गर्दा सन् २०२२ को कम देखिएको थियो । तर कोभिड-१९ को महामारी सकिएलगत्तै सन् २०२२ मा देखिएको डेङ्गु प्रकोप भने हालसम्मकै सबैभन्दा सङ्क्रामक अनि कडा/जटिल थियो । यसबाट पनि नयाँ प्रकोपसँगै भाइरस थप सङ्क्रामक र घातक हुने गरेको तथ्याङ्क देखिन्छ । यसो हो भने सन् २०२२ बाट हाल सन् २०२५ सम्म आइपुग्दा खासै ठूलो प्रकोप नदेखिएको अवस्थामा अबको कुनै पनि बेला डेङ्गु विगतको भन्दा थप सङ्क्रामक (धेरै सङ्क्रमित हुनसक्ने) अनि घातक (मृत्युदर बढ्न सक्ने) स्वरूपमा आउने सक्ने सम्भावनालाई नकार्न सकिदैन । (लेखक शुक्रराज ट्रोपिकल तथा सरुवा रोग अस्पतालको क्लिनिकल रिसर्च युनिटको संयोजक हुनुहुन्छ)

### बाढीपहिरोको ...

नौगाढ पालिकाको केन्द्रसँग जोडिएको तपोबन-निम्ठा-होमरिगाढ सडकलाई जतिसक्दो चाँडो सम्पन्न गर्न चन्दले माग गर्नुभयो ।

सांसद विष्णुबहादुर विश्वकर्माले दलित समुदायको एकीकृत कानुन निर्माणमा जोड दिनुभयो । नेपालको संविधानको धारा ४० मा दलितको हकको व्यवस्था गरे पनि त्यसको कार्यान्वयन हुन नसकेको उहाँको भनाइ छ । “धारा ४७ मा मौलिक हकको कार्यान्वयनको व्यवस्था गरेको छ, जसमा तीन वर्षभित्रमा कानुन बनाइसक्ने व्यवस्था गरेको छ । धारा ८१ ले दश वर्षभित्र हुने जनगणनासँगै महिला र दलितको विशिष्ट अधिकारको कार्यान्वयन र प्रभावकारिताबारे समीक्षा गर्ने भनेको छ, तर संविधान लागू भएको दश वर्ष भइसक्दा पनि यसको कार्यान्वयनका लागि दलितको एकीकृत ऐन बनेको छैन”, उहाँले भन्नुभयो ।

### कर्मचारीमाथी कुटपिट ...

नगरपालिकामा भएको यस्ता घटनाले नगरको विभिन्न विकासीय योजनाहरु, जनताको कामकाज लगायत अन्य सेवाहरु प्रभावित बन्न पुगेको उल्लेख छ ।

“कुनै पनि विवादको समाधान वार्ता माध्यमबाट हुने बाटो रहँदा रहँदै पनि यस्तो खाले घटना हुनु अत्यन्त दुःखदायी हो ।” विज्ञप्तिमा भनिएको छ, “नेपालकै पुरानो मध्ये एक राजविराज नगरपालिका विगतको केही दिनदेखी पटक पटक विवादस्पद बन्दै गएको जगजाहेर नै छ । कार्यालयका कर्मचारी तथा जनप्रतिनिधिबीच पटक पटक यस्ता विवाद हुनुले सप्तरी जिल्लाको सदरमुकाम समेत रहेको राजविराजको साख पनि दाउमा परेको छ ।”



सडक निर्माणको माग गर्दै शुक्रबार राजविराजस्थित सघन सहरी तथा भवन निर्माण आयोजना कार्यालयमा तालाबन्दी गर्न पुगेका युवाहरुलाई प्रहरी तालाबन्दी गर्न नदिएपछी कार्यालय अगाडी टायर बालेर सडक अवरुद्ध गर्दै गरेको दृश्य ।
*तस्वीर : राजविराज दैनिक*

# हवाई सुरक्षामा सरकारको ध्यानाकर्षण

काठमाडौँ, ३० जेठ (रासस) ।

राष्ट्रियसभाका सांसदहरूले हवाई सुरक्षाका निम्ति सरकारको ध्यानाकर्षण गराउनुभएको छ । सभाको शुक्रबारको बैठकमा सांसदहरूले नेपाल हवाई दुर्घटनामा उच्च जोखिमा रहेको उल्लेख गर्दै दुर्घटना भइसकेपछि पछुताउनुभन्दा पहिले नै सरकार सचेत हुनुपर्नेमा जोड दिनुभएको हो ।

सांसद कृष्णबहादुर रोकायाले हवाई क्षेत्रको प्राविधिक तथा नीतिगत सुधारका निम्ति सरकार गम्भीर हुनुपर्नेमा जोड दिनुभयो । छिमेकी देश भारतमा बिहीबार भएको हवाई दुर्घटनाप्रति गहिरो समवेदना प्रकट गर्दै उहाँले नेपालमा हवाई दुर्घटना कम गर्न योजना बजाएर कार्यान्वयन गर्नुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, “नेपालमा अहिलेसम्म १०८ वटा विमान दुर्घटना भएका रहेछन्, जसमा ९५९ जनाले ज्यान गुमाएका छन्, हाम्रो प्राविधिक, नीतिगत तथा भू-राजनीतिक कमीकमजोरीकै कारण युरोपेली युनियनले सन् २०१३ देखि नेपाल एयरलाइन्सलाई युरोप गन्तव्यमा प्रतिबन्ध लगाएको छ, हवाई क्षेत्रमा देखिएका सबै समस्या सुधार गर्न सरकारसँग आग्रह गर्छु ।”

सांसद घनश्याम रिजालले समाचार लेखेकै भरमा पत्रकार दीलभूषण पाठकलाई साइबर कानुन लगाउनु संविधानविपरीत भएको टिप्पणी गर्नुभयो । उहाँले भन्नुभयो, “यही जेठ २८ गते बुधबार अदालतले नै पत्रकार दिलभूषण पाठकविरुद्ध पक्राउ पुर्जी जारी गर्न अनुमति दिएको छ, तर प्रेस स्वतन्त्रताविपरीत छ, संविधानविपरीत छ ।”

यही जेठ २७ गते मङ्गलबार काठमाडौँ जिल्ला अदालतले नेपाल खबर डटकम र बिजमाण्डु डटकमलाई समाचार हटाउन र त्यस्ता समाचार नलेख्न अल्पकालीन आदेश दिएकोप्रति पनि आपत्ति जनाउनुभयो ।

सांसद बलदेव बोहराले प्रतिनिधिसभालाई मर्यादित बनाउँदै दैनिक कार्यसूचीमा फर्कनका लागि सहयोग गर्न प्रतिपक्ष दलसँग आग्रह गर्नुभयो ।

# सवारी दुर्घटनामा दुईको मृत्यु, एक घाइते

पर्सा, ३० जेठ (रासस) ।

वीरगञ्ज महानगर-२२ स्थित ड्राइपोर्ट सडकस्थित सीताराम चोकमा शुक्रबार बिहान ५ बजे सवारी दुर्घटनामा दुई जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक किशोर लम्सालका अनुसार सिर्सियाबाट ड्राईपोर्टतर्फ जाँदै गरेको बाग्मती प्रदेश ०३-००४ प ८६१२ नम्बरको मोटरसाइकल रोकिराखेको एचआर ५५ के ३९७१ नम्बरको ट्रकको पछाडि ठोक्किएको थियो ।

“बिग्रिएर सडकमै रोकिएको ट्रकसँगको ठक्करमा मोटरसाइकलमा सवार तीन जनामध्ये दुई जनाको उपचारको क्रममा मृत्यु भएको छ भने एक जनाको उपचार भइरहेको छ”, उहाँले भन्नुभयो । सो दुर्घटना शुक्रबार बिहान ५ बजेको समयमा भएको प्रहरीले जनाएको छ ।

मृत्यु हुनेमा पर्साको छिपहरमाई गाउँपालिका-३ झलमैया टोलका २३ वर्षे रामाकान्त यादव र सोही ठाउँका विजय यादव छन् भने सोही ठाउँका २२ वर्षे विजयकुमार यादवको टाउको र शरीरको विभिन्न भागमा चोट लागेको छ ।


लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

**अनुरोधकर्ता**
**विष्णुपुर गाउँपालिका**
**गाउँ कार्यापालिकाको कार्यालय**
सप्तरी, मधेश प्रदेश


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*